मोजालाई नफुकाल्नु; किनकि मैले तहारत (वुजू) को अवस्थामा मोजा लगाएको थिएँ

मुगीरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, म रसूल (सल्लल्लाहु अलैहि वसल्लम) सँग
एक यात्रामा थिएँ, म उहाँको मोजा फुकाल्नको लागि झुकेँ। उहाँले भन्नुभयो : " मोजालाई नफुकाल्नु; किनकि मैले तहारत (वुजू) को अवस्थामा मोजा लगाएको थिएँ ।" त्यसपछि उहाँले मोजामाथि 'मसह' गर्नुभयो । [सही] [मुत्तफकुन अलैहि]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) एक यात्रामा हुनुहुन्थ्यो र उहाँले यात्राकै क्रममा वुजू गर्नुभयो । वुजू गर्दा जब खुट्टा धुने पालो आयो, मुगीरह बिन शोबा (रजियल्लाहु अन्हु) ले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले लगाउनुभएको मोजा फुकाल्नका लागि उहाँको खुट्टातिर आफ्नो हात बढाउनुभयो, ताकि उहाँले आफ्नो खुट्टा धुन सकून् । यो देखेर नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: छोड्देउ, यसलाई फुकाल्नु पर्दैन, किनकि मैले तहारत (वुजू) को अवस्थामा मोजा लगाएको थिएँ । त्यसपछि, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्नो खुट्टा धुनुको सट्टा त्यसमाथि मसह गर्नुभयो ।

http://sunnah.global/hadeeth/ne/show/3014